म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ७२ | बुधबार २ कात्तिक २०७९ | ने. सं. ११४२ कौलागा | 19 October, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं ।

हाम्रा साँस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
मद्यपान र जुवातासजस्ता
विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# डेंगुले काँचो नरिवल र मेवाको माग ह्वात्तै बढ्यो

साझाकुरा संवाददाता

हेटौंडा, १ कात्तिक/ फलफूल खरिदका लागि निस्कनेले पहिले के किन्छन् ? स्याउ, केरा भन्ने उत्तर आउन सक्छ । तर, पछिल्लो समय भने यी फलफूलल पछाडि परेका छन् ।



हेटौंडामा पछिल्लो समय काँचो नरिवल, मेवा र किवीको माग ह्वात्तै बढेको छ । हेटौंडामा बढेको डेंगी रोगको संक्रमणसँगै काँचो नरिवल, मेवा र किवीको माग बढेको हो । डेंगी संक्रमितलाई तागतिला खाद्य पदार्थ खुवाउन र प्रतिरोध क्षमता बढाउन उपभोक्ताहरु स्याउ र केरा छाडेर काँचो नरिवल, मेवा र किवी खाइरहेका छन् ।

पछिल्लो समय हेटौंडा उपमहानगरपालिकामा मात्रै ४ हजार तीनसय ५ जनामा डेंगी संक्रमण भएको छ । मकवानपुरको १० वटा स्थानीय तहमध्ये हेटौंडा उपमहानगरपालिकामा सबैभन्दा धेरै संक्रमित छन् । उपमहानगरपालिका दैनिक दोहोरो अंकमा डेंगी संक्रमित फेला परिरहेका छन् ।

मंगलबार भने मकवानपुरमा थप ४२ जनामा डेंगु संक्रमण देखिएको छ । सोमबार जिल्लामा थप ४२ जनामा डेंगु देखिएको हो । जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको तथ्यांक अनुसार संक्रमण हुनेमा ३२ जना हेटौंडा उपहानगरपालिकाका रहेका छन् । यस्तै, मनहरी गाउँपालिकाका ५ जनामा, बकैया गाउँपालिकाका २ जनामा, कैलाश र भीमफेदी गाउँपालिकाका १/१ जनामा र अन्य जिल्लाबाट १ जनामा संक्रमण देखिएको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ । योसँगै जिल्लामा डेंगु हुनेको संख्या ४ हजार ३ सय ५ जना पुगेको छ । डेंगी रोगको कुनै ठोस उपचार नभएकोले पनि संक्रमितहरुले ठिक हुने विश्वासले शक्तिवर्धक मानिएका यी फलफूल बढी खाइरहेका छन् ।

लामखुट्टेको टोकाइबाट सर्ने यो रोगले कडा ज्वरो आउने, पखाला लाग्ने, टाउको-जीउ दुख्ने, थकाइ महसुस हुने, वाकवाकी लाग्ने आदि लक्षण देखिन्छ । बिरामीलाई खाना रुच्दैन । छिटै कमजोर देखिन्छन् । बिरामीलाई खुवाउन नरिवलको पानी, मेवा र किबी फलदायी हुने भएकाले माग बढेको व्यवसायीले बताएका छन् । उनीहरुका अनुसार किन्न आउनेले खाने सल्लाह चिकित्सकले दिएको बताउने गरेका छन् । व्यवसायीहरुको अनुसार हेटौंडामा अहिले दैनिक सयौं गोटामा नरिवल र मेवा खपत भइरहेको छ ।

हाल बजारको मागको अनुपातमा काँचो नरिवल, मेवा र किवीको आपूर्ति पर्याप्त नभएको व्यवसायीहरु बताउँछन् । नेपालमा यी फलफूलहरु उत्पादन नहुँदा छिमेकी मुलक भारतबाट आयात भइरहेको छ । अन्य समयमा काँचो नरिवल त्यति बिक्री हुदैनथ्यो । तर, पछिल्लो समय हेटौंडाको हरेक फलफूल र तरकारी पसलदेखी ठेलामा समेत काँचो नरिवल राखेको देखिन्छ । यस्तै अरुबेला बेच्नै गाह्रो हुने किबीको खपत अहिले बढेको छ । बजारमा यतिबेला बिक्री भइरहेको किबी स्वदेशी भने होइन । किबी हाल थोकमै प्रतिकेजी ६ सय रुपैयाँभन्दा बढी पर्न थालेको व्यवसायीले बताएका छन् ।

हेटौंडा अस्पतालका डा.फूलबाबु डेंगु रोगका बिरामीलाई झोलिलो वस्तु, फलफूलको रसहरु खाना सुझाव दिने गरिएका कारण पनि उनीहरुले ती फलफूल खाने गरेको हुन सक्ने बताउछन् । शरीरका लागि आवश्यक पर्ने तत्वहरु परिपूर्ति गर्न ताजा मौसमी फलफूल, फलफूलको रस खानु उपयुक्त हुने भएपनि नामै किटेर ती फलफूल खाना सुझाव भने दिने नगरेको उनको भनाइ छ ।

उनी भन्छन्, 'डेंगु लाग्दा रगतमा पानीको मात्रा कम भइ रक्तचाप कम हुन्छ । शरीरमा प्लेटलेटको संख्या पनि कम हुन जान्छ । जसले शरीरका लागि आवश्यक पर्ने तत्वहरुको कमी हुन जान्छ । ती तत्वहरु परिपूर्ति गर्न ताजा मौसमी फलफूल, फलफूलको रस खानु उपयुक्त हुन्छ ।'

तर नामै किटेर ती फलफूल खाना सुझाव भने नदिएको उनी बताउँछन् । डेंगुका भाइरस चार प्रकारका हुन्छन् । डेंगु ज्वरो चार प्रकारका भाइरसमध्ये कुनै एकबाट हुन्छ ।

एक पटक डेंगु लागेर निको भएपछि शरीरमा त्यो भाइरसको लागि विशेष एन्टिबडी बनाइन्छ । जसले गर्दा उक्त भाइरसविरुद्ध शरीरको प्रतिरोधात्मक क्षमता बढ्छ । यो अन्य तीन प्रकारका भाइरसबाट केही समयको लागि मात्र सुरक्षित रहन्छ ।

## मन्थलीमा पशु स्वास्थ्य शिविर



साझाकुरा संवाददाता

हेटौंडा, १ कार्तिक/ मकवानपुरको बकैया गाउँपालिका वडा नम्बर १० मन्थलीस्थित घ्याम्पे चौरमा पशु स्वास्थ्य शिविर भएको छ ।

समस्त प्राणीको कल्याण, विश्वको सामुहिक अभियान भन्ने मुल नाराका साथ विश्व पशुपन्छि दिवस २०७९ को अवसरमा पशु स्वास्थ्य शिविरको आयोजना गरिएको हो । बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छि विकास मन्त्रालय, पशुपन्छि तथा मत्स्य विकास निर्देशनालयको आयोजना बकैया गाउँपालिका पशु शाखाको सहयोग तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मकवानपुरको सहकार्यमा शिविरको आयोजना गरिएको थियो ।

बकैया गाउँपालिका वडा नम्बर १० वडा अध्यक्ष कमला कुमारी वाइबाको प्रमुख आतिथ्यता तथा डा. आभाष कोइरालाको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा बकैया गाउँपालिका अशोक कुमार सिंहले कार्यक्रमको उद्देश्य बारे प्रकाश पारेका थिए ।

कार्यक्रममा बकैया गाउँपालिकाका केशव प्रसाद लुइटेल, पशुपन्छि तथा मत्स्य विकास निर्देशनालय पशु सेवा अधिकृत डा.सलिना श्रेष्ठ, रामहरी शर्मा, प्रेंयका यादव, अजय बतौंला, विमोचन पौडेल, सुस्मिता अधिकारी, अविनाश ठाकुर लगायतकाको सहभागिता थियो ।

# गणतन्त्र र संविधान जोगाउन बाम गठबन्धन कायम: *डीना*

साझाकुरा संवाददाता

हेटौंडा, १ कात्तिक/ नेपाली कांग्रेसकी केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले संघीय लोकतान्त्रिक गणतन्त्र र संविधान जोगाउन लोकतान्त्रिक बाम गठबन्धन कायम राखिएको बताएकी छन् ।



मकवानपुर प्रतिनिधिसभा क्षेत्र नं १ मा उम्मेदवारी दिएकी डीनाले सोमबार हेटौंडामा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै यस्तो बताएकी हुन् । उपाध्यायले आफू पहिलो पटक पूर्वी मकवानपुरको भूगोलमा उम्मेदवार भए पनि पूर्वी मकवानपुरको विकासमा उल्लेख्य बजेट पहिलादेखि नै व्यवस्था गर्दै आएको बताइन् ।

उनले भनिन्, 'जसले यो संविधान अपनत्व गर्दै हस्ताक्षर गरेको छैन, त्यस्ता शक्तिले लोकतन्त्र बचाउँछ भन्नु भ्रम हो ।' त्यस्तै नेपाली कांग्रेसका बागमती प्रदेश सभापति एवं सत्तारुढ गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नं.-२ 'ख' मा उम्मेदवारी दिएका इन्द्रबहादुर बानियाँले संविधान र व्यवस्थाको रक्षाका लागि सत्ता गठबन्धनले जित्नुपर्ने उल्लेख गरे । उनले मकवानपुरको समग्र विकासका लागि गठबन्धनका उम्मेदवारलाई मत दिन आग्रह गरे । मकवानपुरमा सत्तारुढ गठबन्धन, नेकपा एमाले तथा अन्य राजनीतिक दलका उम्मेदवारले विभिन्न कार्यक्रम आयोजना गरी चुनाव लक्षित गतिविधिलाई तीव्रता दिएका छन् । स्वतन्त्र रुपमा उम्मेदवारी दर्ता गराएकाले पनि चुनावी प्रचार प्रसारको कार्य सुरु गरिसकेका छन् ।

# हेटौंडाबाट दुई नेता पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १ कार्तिक/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले आगामी ४ मंसिरमा हुने आमनिर्वाचन बहिष्कार गर्दै हिँडेका दुई नेतालाई हेटौंडाबाट पक्राउ गरेको छ ।



धर्मेन्द्र बास्तोला नेतृत्वको नेकपा बहुमतका दुईजना नेता मंगलबार हेटौंडाबाट पक्राउ परेका हुन् । चुनाव विरोधी गतिविधिमा संलग्न रहेको भन्दै मकवानपुर प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा बहुमतका जिल्ला इन्चार्ज ध्रुब खड्का तथा जिल्ला संयोजक विक्रम मगर रहेका छन् । चुनाव बहिस्कारको पर्चा वितरण, वाल पेन्टिङ गरेपछि उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिएका छन् । पार्टीका सेक्रेटरी दिक्पालले प्रेस विज्ञप्ति जारी गर्दै दुबै नेतालाई रिहा गर्न माग गरेका छन् ।

# मउवा संघको शुभकामना आदानप्रदान



साझाकुरा संवाददाता

हेटौंडा, १ कार्तिक/ मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा चाडपर्व लक्षित शुभकामना आदनप्रदान कार्यक्रम गरिएको छ ।

संघले मंगलबार हेटौंडामा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम गर्दै व्यवसायीहरुसँगको सम्बन्ध थप मजबुद बनाउन खोजेको बताएको छ । संघका अध्यक्ष कृष्ण कुमार गुप्ताको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तान, हेटौंडा उपमहानगरकी नगर प्रमुख मिनाकुमारी लामा, भीमफेदी गाउँपालिका उपाध्यक्ष संजिव श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डे, आन्तरिक राजश्व कार्यालय मकवानपुरका प्रमुख मोहलाल जिसी, प्रहरी उपरीक्षक बामदेव गौतम, गोरख बहादुर गणका सेनानी अजित राणा, सशस्त्र प्रहरी निरीक्षक लालबहादुर बस्नेत, घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख टिका शर्मालगायतको आतिथ्यता थियो ।

संघका अध्यक्ष गुप्ताले शुभकामना मन्तव्य राखेका थिए । उनले मकवानपुर उद्योग वाणिज्य संघले आफ्नो परम्पराको रुपमा दशैंपछि र तिहार अघिको समयमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम विगतदेखि नै गर्दै आएको बताए । यस कार्यक्रमले व्यवसायीहरु माझ आपसी सम्बन्ध मजबुत बनाउने विश्वास लिएको उनले बताए ।

सबैंको साझा पहलबाट मात्र हाम्रो गाउँ, सहर, जिल्ला र देश समुन्नत हुन सक्ने भन्दै विशेष गरी राजनैतिक नेतृत्व बढी जिम्मेवार, नैतिक, दुरद्रष्टा, विकासप्रेमी, सहृदयी र सक्षम हुन आवश्यक हुने ठानेको उनले बताए ।

आसन्न आमनिर्वाचनमा मकवानपुर जिल्लाबाट उम्मेदवार बनेका सम्पूर्णमा सफलताको कामना गुप्ताले गरेका छन् । अध्यक्ष कृष्ण कुमार गुप्ताले आउँदै गरेको तिहार, नेपाल सम्बत, छठ, ईद, क्रिसमस, ल्होसार पर्व-२०७९ को उपलक्ष्यमा उपस्थित सम्पूर्णमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गरे । सोपश्चात चियापान गरी कार्यक्रम समापन भएको थियो । कार्यक्रममा संघका महासचिव दिपक उप्रेतीले कार्यक्रम संचालन गरेका थिए ।

# थप ४२ जनामा डेंगु संक्रमण

हेटौंडा, १ कात्तिक/ मकवानपुरमा थप ४२ जनामा डेंगु संक्रमण देखिएको छ ।

सोमबार जिल्लामा थप ४२ जनामा डेंगु देखिएको हो । जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको तथ्यांक अनुसार संक्रमण हुनेमा ३२ जना हेटौंडा उपहानगरपालिकाका रहेका छन् ।

यस्तै, मनहरी गाउँपालिकाका ५ जनामा, बकैया गाउँपालिकाका २ जनामा, कैलाश र भीमफेदी गाउँपालिकाका १/१ जनामा र अन्य जिल्लाबाट १ जनामा संक्रमण देखिएको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ । यो सँगै जिल्लामा डेंगु हुनेको संख्या ४ हजार ३ सय ५ जना पुगेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
सेवाहरू:
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

रोयल इन्फिल्डर्सको आधिकारिक
बिक्रेता र सर्भिस सेन्टर अब हेटौंडाको
ॐ अटोमोबाइल्समा



ROYAL ENFIELD
शुभ दीपावली, नेपाल सम्वत तथा छठ पर्व-२०७९ को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग, व्यवसायीहरु, सहयोगी मित्रहरु, शुभचिन्तक एवम् समस्त देशबासीमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिबिस गोविन्द जोशी (प्रोप्राईटर)
सम्पर्क: ९८०१०८९१७४
नोट: असोज २ गतेदेखि सुविधा दिँदै आइरहेका छौं ।
हेटौंडा-४, मेनरोड (बैंक अफ काठमाडौं अगाडि

साझाकुरा

## हाम्रो कुरा

# विकास र बसाइँसराइ

नेपालमा लोकतन्त्र स्थापनासंगै गाउँ-गाउँमा विकासको लहर आएको छ । गाउँमा सुविधा थपिँदै गएपनि त्यहाँबाट बसाई सरेर सुविधासम्पन्न शहरी क्षेत्रमा जाने क्रम भने रोकिएको छैन । मकवानपुर जिल्लाका विभिन्न गाउँमा यस्ता समस्याहरू देखिएको छ । यसले गर्दा गाउँहरू रित्तिँदै जाने र ठूला शहरमा थाम्न नसकिने गरी जनसंख्या बढ्ने देखिन्छ । त्यतिमात्र होइन, शहरबाट पनि ठूला शहरमा बसाइ सरेको पाइन्छ । संघीयताको अभ्यासपछि पनि शहरको सुविधा गाउँमा पुऱ्याए पनि बसाईँसराइमा कुनै कमी आएको छैन र आउने संकेत पनि छैन । स्थानीय सरकारले नै ठोस काम गर्ने हो भने चाहिँ यसलाई केही कम गर्न सकिन्छ ।

बसाईँसराइका बारेमा 'पुल' र 'पुस'ले काम गर्छ भन्ने परम्परागत सिद्धान्त पाइन्छ । गाउँका मानिसहरूलाई शहरले आकर्षित गरिरहेको हुन्छ । यो भनेको 'पुल' अर्थात् तान्नु हो । शहरमा आर्थिक उन्नतिको अवसर हुन्छ । स्वास्थ्योपचारको सुविधा, सार्वजनिक यातायात र मनोरञ्जनको सुविधाले पनि मानिसलाई शहरतिर तानिरहेको हुन्छ । शहरतिर जान बाध्य पार्ने कुरालाई 'पुस' अर्थात् धकेल्नु हो । विविध कारणले एक्ल्याइएका मानिसहरू, बाढीपहिरो आदिबाट प्रताडितहरू बेसहारा बनेर पनि गाउँ छाड्न बाध्य हुन्छन् । 'पुल' वा 'पुस' का कारण शहरतिर हुने बसाईसराइलाई रोक्न शहरका सुविधा गाउँमा पुऱ्याइन्छ । केही दशकको अवस्था हेरी अहिले नेपालका धेरै गाउँमा बिजुली, सडक, खानेपानी, विद्यालयलगायत धेरै सुविधा पुगिसकेका छन् । तर पनि बसाईसराइ कम भएको छैन । विभिन्न मुलुकले ग्रामीण क्षेत्रमा शहरका सुविधाहरू पुऱ्याउने अवधारणालाई अघि सारेको पाइन्छ । तर, यतिले मात्र बसाईसराइ रोक्न सकिँदैन भन्ने नेपाल र अन्य देशमा समेत गाउँबाट बसाइँसराइ नघटेको तथ्यले पुष्टि गरेको छ । कुनैपनि मान्छे आफू बसिरहेको ठाउँ छाडेर बसाई सर्न तयार हुन्छ भने उसले त्यसको लागत र लाभको विश्लेषण गर्छ भन्ने सिद्धान्त पनि छ । अर्थात् आफू बसिरहेको ठाउँबाट बसाईसराइ गर्दा कति लागत पर्छ र कति लाभ हुन्छ, तुलनात्मक रूपमा हेर्छ ।

गाउँबाट शहरतिर हुने बसाइँसराइ रोकेर त्यसलाई गुल्जार बनाइ राख्ने हो भने स्थानीय व्यक्तिहरू नै सक्रिय हुनुपर्छ । केन्द्रले सुविधा पुऱ्याएर हुँदैन । यसका लागि त स्थानीय सरकारले आफ्नो अवस्थाअनुसार रणनीति तय गर्नुपर्ने हुन्छ । पहिलो कुरा स्थानीय स्रोतअनुसार उद्योगहरू खोल्ने वातावरण बनाइनुपर्छ । त्यस्तै कृषिलगायत पेशालाई व्यावसायिक बनाई त्यसमा पनि लेखा राख्ने प्रणाली विकसित गरिनुपर्छ र कृषकलाई यसो गर्न उत्प्रेरित गर्नुपर्छ । यसो गर्दा स्थानीय तहबाट उत्पादित जनशक्तिले स्थानीय तहमै रोजगारी पाउँछ । अर्को, स्थानीय तहले आफ्नो क्षेत्रमा कस्तो जनशक्ति चाहिन्छ त्यसै अनुसार पाठ्यक्रम बनाएर स्थानीय विद्यालयमा पढाइनुपर्छ । यसो नगरिए विद्यालयले नै शहर जाने विद्यार्थी उत्पादन गरिरहेको हुन्छ । अहिले भइरहेको यही नै हो । यो प्रवृत्ति रोक्न एकीकृत रणनीति नै चाहिन्छ जसले गाउँमा उत्पादन भएको जनशक्ति गाउँमै काम लागोस्, उसले गाउँमै बसेर काम गर्ने वातावरण बनोस् । यस्तो रणनीति बनाउन स्थानीय तहले सक्लान् त ? केही दशकको अवस्था हेरी अहिले नेपालका धेरै गाउँमा बिजुली, सडक, खानेपानी, विद्यालय लगायत धेरै सुविधा पुगिसकेका छन् । तर पनि बसाईसराइ कम भएको छैन ।

# आखिर राजनीति नाफा-घाटाकै व्यापार रहेछ



नरेश ज्ञवाली

आदर्श राजनीतिको परिकल्पना धुमिल भइसकेको समयमा हामी मंसिरको चुनावका लागि कसलाई मत दिने भनेर सोचिरहेका छौँ । र, धुमिल भइसकेको राजनीतिक परिकल्पनाकै धमिलो पानीमा सबैले आ-आफ्नो च्याँखे थापेर माछा मार्न खोज्दै छन् । राजनीतिक दलका बडे-बडे नेतादेखि स्वतन्त्र भनिएका कयौं व्यक्तिसम्म यो संसदीय राजनीतिले पैदा गरेको धमिलो पानीमा आफ्नो भागको माछा मार्न लागि परेका छन् ।

कोही धमिलो पानीमै आधा जीवन बिताएर राजनीतिक दलले टिकट नदिएको झोकमा पार्टी परित्याग गरी स्वतन्त्रका नाममा माछा मार्न हामफालेका छन् भने कोही अब राजनीति नगरीनहुने भयो भनेर धमिलो पानीमा विस्तारै मनोनयनमार्फत पाइला चाल्दै आइपुगेका छन् ।

कोही यस्ता पनि छन्, जो नाम, दाम, कामले भरिपूर्ण हुँदाहुँदै पनि 'इतिहासमा नाम लेखाउन' राजनीति गर्नैपर्ने रहेछ भनेर आफ्नो अहं तुष्टिका लागि निर्वाचनमा आइपुगेका छन् ।

पत्करभन्दा पनि हलुङ्गो राजनीतिक संस्कार बोकेका त्यस्ता नव-राजनीतिक ठेकेदारहरू कोही व्यापारी छन् त कोही पत्रकार । कोही आईएनजीओकर्मी छन् त कोही पूर्वआईजीपी । तर, ती सबैको एउटै साझा लक्ष्य छ- सांसद बन्ने । शक्तिमा पुग्ने । जनतामाथि शासन गर्ने । सांसद बन्नकै लागि यो हदसम्मको पागलपन बोकी राजनीतिको स्टेडियममा ट्याराथलनको रेस गर्न होमिएका शिकारु खेलाडीहरूलाई पक्कै पनि बालेन-सुनिताको बतासले छोएको हुनुपर्छ ।

तर, जो सचेततापूर्वक लामो समयदेखि राजनीतिमै होमिएका छन्, तिनले यो निर्वाचनका क्रममा कस्तो प्रदर्शन गरिरहेका छन् ? यो आलेख त्यसैमा केन्द्रीत हुनेछ ।

आजका दिनमा अमेरिकादेखि ब्राजिलसम्म र इटालीदेखि सेनेगलसम्म तथा युक्रेन हुँदै भारतसम्म कहीँ अनुदारवादीले शासन सत्ता आफ्नो हातमा लिएका छन् त कहीँ राजनीतिको रंगमञ्चमा हास्यकलाकारहरू देखा परेका छन् । यस्तोमा निर्वाचन एउटा 'म्युजिकल चेयर' प्रतियोगिता भन्दा बढी केही पनि हुन सकेको छैन । आउनुस्, हाम्रो देशको प्रतियोगिताका केही उदाहरण हेरौँ ।

**कुरा कांग्रेसको**

१. पश्चिम नवलपरासीबाट बिनोद चौधरीलाई नेपाली कांग्रेसले टिकट दियो । नेपालको एकमात्र खर्बपतिलाई मनोनयन गरी समानुपातिक सांसद बनाइनु गणतन्त्रको सबैभन्दा कुरूप पक्ष हो । हामीले भोग्दै आएको यो संसदीय व्यवस्थालाई झनै क्रुर र कुरूप बनाउन कांग्रेस यहीँ रोकिन चाहँदैन ।

पैसाको दममा राजनीति, राजनीतिको दममा सार्वजनिक नीति र नीतिको दममा आफ्नो ढुकुटी भर्न लागि परेका धेरै पात्रहरूको नाम लिन सकिन्छ । चितवन-२ मा उमेश श्रेष्ठ, मोरङ-३ मा सुनील शर्मा, संखुवासभामा दीपक खड्का, रसुवामा मोहन आचार्य, रामेछापमा कान्छाराम तामाङ र गोरखा-१ मा राजेन्द्र बजगाईं त केही प्रतिनिधि उम्मेदवार मात्र हुन् । यी सबै पात्रहरू चौधरीका अघिल्तिर सबै सामान्य लाग्छन् । चौधरीले निकै कलापूर्ण ढंगले आफ्नो पैसालाई राजनीतिक सत्तामा रूपान्तरण गरेका छन् ।

उनी ०६४ मा एमालेको तर्फबाट सांसद भए । ०७४ मा कांग्रेस प्रवेश गरे र सांसद भए । चौधरी आजका दिन त्यस्ता मतदाताबीच निर्वाचनको परीक्षामा उभिएका छन्, जो यो व्यवस्थाको मार खप्न नसकेर निराशा र विक्षिप्तताले गर्दा एउटा खुट्टा आत्महत्याको डिलमा र अर्को खुट्टा खाडीको भीसामा टेकेर उभिएका छन् । अर्थात चौधरीका लागि अपवाद बाहेक यो निर्वाचन जिती सकिएको कर्मकाण्ड हो- पैसाको दममा ।

पैसाको बलमा सांसद पद हासिल गर्नु र पैसा नहुने त्यागी र योग्यहरू किनारीकृत हुनु बिडम्बनापूर्ण अवस्था हो । तर, व्यवहारमा यसैको निरन्तरता भइरहेको छ । कानुन र न्यायलाई आफू अनुकूल भोगचलन भइरहेको छ । यस्तो अभ्यासलाई थप कुरूप बनाउन दिलैदेखि काम भइरहेको छ ।

२. चौधरीको कुरा मेट्न नपाउँदै नाम आइपुग्छ- मिनेन्द्र रिजालको । रिजाल जति प्रष्ट ढंगले अंग्रेजी बोल्न र 'ट्रिकल डाउन थ्योरी' बारे व्याख्या दिन सक्छन् त्यति नै प्रष्ट ढंगले देउवाको आलोचनामा बोल्न सक्दैनन् । तर, मिडिया रिपोर्टहरू हेर्दा एउटा कुरा स्पष्ट हुन्छ- उनले पार्टी सभापति र आफ्ना पार्टीका मुल ठेकेदारको चित्त पक्कै दुखाएको हुनुपर्छ । त्यसैले अपेक्षित चुनावी टिकट तिनले पाएनन् । यहाँ बुझ्नुपर्ने साधारण कुरा के हो भने पार्टीमा चौधरीहरूलाई भित्र्याउन लालायित हुने रिजालहरूले आफ्नो टिकटको बली आज वा भोलि दिनै पर्थ्यो ।

३. सामाजिक भनिएको असामाजिक सञ्जालका भित्ताहरू यतिबेला विरह रागले लतपतिएका छन् । बडो उदात्त भावले 'स्वर्णिम वाग्ले जित्नुपर्छ' भन्नेहरू आरजुप्रति खनिएका छन् । जसले विश्वको विश्वव्यापी महिमा पाठ गरिरहेका थिए, उनीहरू नै वाग्लेको 'अन्तरर्राष्ट्रिय व्यक्तित्व'को परिचर्चा गरिरहेका थिए । यस्तोमा देउवाले आफ्नै गुटका विश्व पौडेललाई चितवनका लागि उपयुक्त पात्र ठाने तर दोष आरजुको थाप्लोमा आइलाग्यो । यो त्यस्तै कुरा हो, जस्तो गाउँका रोगीको रोग निदान नहुनुको हप्की-दप्की गाउँकी विधवाले खेप्नुपर्छ ।

कांग्रेसका शुभचिन्तक पत्रकारहरू राम्रो गरी जान्दछन्, वाग्ले र पौडेलबीच कुटिल दाउपेचहरू पहिलेदेखि नै चलिरहन्थ्यो । यो प्रतिस्पर्धाको अन्तर्यमा- को ठूलो बौद्धिक ? भन्ने अहं लुकेको छ । वाग्ले र पौडेलको व्यक्तित्वमा जति भिन्नता छ, त्यति नै उनीहरूको चिन्तन प्रणालीमा समानता छ । दुवै दातृ निकायका रुचाइएका बौद्धिक हुन् । जसरी एउटै क्लासमा पढ्ने विद्यार्थीमा शिक्षक र विद्यालयको समान लगानी हुने गर्छ, त्यसैगरी दातृ निकाएका बौद्धिकमाथि उनीहरूको ठूलो लगानी हुने गर्छ । त्यसपछि के त' ? त्यसपछि त्यही हुन्छ, जुन बाबा आम्रको पालादेखि हुँदै आएको छ ।

**कुरा एमालेको**

१. घनश्याम भूसालले नेकपा (एमाले) परित्याग गरी रूपन्देही-१ बाट स्वतन्त्र उम्मेदवारी दिए । स्थानीय निर्वाचनमा आफ्नो नगरपालिकासमेत जिताउन नसकेका भूसाल संघीय निर्वाचनमा आफ्नो जित सुनिश्चिताका लागि नै केही समययता वाम एकता गर्नुपर्ने बताउँदै आएका थिए । उनी विद्वान हुन्, इमान्दार हुन्, योग्य हुन् भन्नु एउटा पक्ष हो । तर, यो सँगै महत्वपूर्ण पक्ष के पनि हो भने उनी जस्ता नेता पनि एउटा टिकट पाउने र नपाउने परिस्थितिमा पार्टी त्याग्न तयार हुँदा रहेछन् । यो नै उनको पार्टीप्रतिको इमान्दारिताको जीवित उदाहरण हो ।

केपी ओलीको आलोचनाको जगमा उभिएको उनीसँग मजबुत धरातल हुन्थ्यो भने उनी फेरी पनि त्यही पार्टीमै रहेर त्यसको आलोचना गर्थे । तर, उनले न हिजो आफ्नो विचार समूहको रक्षा गरे न केपी ओलीको आलोचनाको धरातल जोगाउन सके । आज उनी माओवादीको काँध चढेर सांसद हुने दौडमा छन्- यही यर्थाथ हो । भूसाललाई थाहा थियो राजनीतिमा सत्ताविहीन हुनुको अर्थ छैन, त्यसैले उनी न माधव नेपालको नयाँ पार्टीतिर लागे न एमालेमै बस्न तयार भए । लाग्छ- उनका लागि एक मात्र सत्य सांसद बन्नु हो ।

२. अष्टलक्ष्मी शाक्यले निर्वाचनको टिकट पाउँदासमेत निर्वाचन नलड्ने उद्घोष गरिन् । शाक्य तिनै कर्मठ नेतृ हुन्, जसले पार्टी अध्यक्ष ओलीले गरेको संसद विघटनको विरोध गरेकी थिइन् । विरोध मात्रै होइन कडा विरोध गरेकी थिइन् । आदर्शको खडेरी परेको बेला शाक्यको कदमको प्रशंसा हुनुपर्ने तर त्यसो हुन सकेन । आफूले रोजेको भन्दा भिन्न स्थानबाट टिकट पाएपछि उनले चुनाव नलड्ने बताइन । काठमाडौं-८ र १० मा उनको चर्चा पछिसम्म चल्दै थियो र एमाले नेताहरू उनलाई काठमाडौं-८ बाट निर्वाचन लडिदिन अनुरोध गरिरहेकै थिए ।

३. नाम- नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) लेख्नेले यो देशको घोर दक्षिणपन्थी, जातिवादी, धर्मनिरपेक्ष विरोधी, राप्रपा नेपालका अध्यक्ष कमल थापालाई सघाउन हेटौंडामा सम्पूर्ण शक्ति लगाउने बाचा गऱ्यो । थापा राप्रपा नेपालको अध्यक्ष भए पनि उनी आफ्नो निर्वाचन चिन्ह तीर छोडेर एमालेको सूर्य चुनाव चिन्हबाट निर्वाचन लड्दै छन् ।

त्यस्तै झापाका पाँच निर्वाचन क्षेत्रमध्ये चारमा एमाले र राजेन्द्र लिङ्देनको राप्रपाबीच एकता भएको छ । कमल थापा र लिङ्देन त्यस्ता दुई अनुहार हुन्, जो हिजोसम्म एउटै पार्टीमा थिए र स्वार्थ बाझिएपछि दुई पार्टीमा विभाजित भए । एमाले दुवैसँग उत्तिकै नजिक रहेको निर्वाचनका क्रममा उनीहरूबीच भएको तालमेलले थाहा हुन्छ ।

४. भिम रावलले टिकट नपाएसँगै अछाम एमालेको ठूलो पंक्तिले पार्टी कमिटिबाट राजीनामा दियो । नेतृत्वलाई दबाब दिन र सच्चिन बाध्य पार्नका लागि यो कति प्रभावकारी हुन्छ भन्न नसकिए पनि इतिहासमा यसको पक्कै महत्व हुनेछ ।

**कुरा माओवादीको**

१. नेपाली राजनीतिमा कुनै बेला क्रान्तिका नायक र हाल संसदीय राजनीतिका खेलाडी प्रचण्डको काखमा बाबुराम भट्टराईको नाति भएको एउटा तस्वीर ३१ भदौमा ट्वीटरमा सार्वजनिक भयो । तस्वीरले बोकेको सन्देश आममानिसका लागि जति अनपेक्षित थियो, प्रचण्ड-बाबुरामका लागि त्यति नै अनिवार्य थियो । त्यसपछि घटनाक्रम सिनेमाको दृश्यझैं एकपछि अर्को गर्दै बढ्न थाल्यो- ८ असोजमा प्रचण्डले 'म र बाबुरामजी नयाँ जनयुद्ध गर्ने निष्कर्षमा पुगेका छौँ' भनी खुलासा गरे ।

त्यसपछि भट्टराईले १३ असोजमा आफू चुनाव नलड्ने मनस्थितिमा पुगेको सार्वजनिक गरे । त्यससँगै छोरी मानुषी यमी भट्टराई काठमाडौं-७ बाट र फणिन्द्र देवकोटाले गोरखा-२ (क) बाट टिकट पाउने निश्चित भो । दुवै माओवादी केन्द्रको चुनाव चिन्हमा चुनावमा होमिएका छन् । प्रचण्डले भनेको 'नयाँ जनयुद्ध' गोरखामा आफ्नो जीत सुनिश्चित गराउने र भावी प्रधानमन्त्री हुने सपना भन्दा दुई पाइला अघिको प्रतित हुँदैन ।

बाबुरामप्रति गरिएका अनेकौं कटाक्ष र उनीप्रति प्रचण्डले देखाएको अनुदारताको अन्त्य हुने दिन ३१ भदौ थियो वा थिएन भन्न सकिँदैन, तर के भन्न सकिन्छ भने प्रचण्ड र बाबुरामको यो अनिवार्य आवश्यकता थियो । पार्टीमा एक्लो बादशाह रहेका प्रचण्डको महत्वकांक्षाका अघिल्तिर पछिल्लो महत्वकांक्षा सबैभन्दा सानो कृत्य थियो भने अर्कोतर्फ बौद्धिक हुँदाहुँदै पनि राजनीतिमा परित्यक्त हुने दिशामा अघि बढी रहेका बाबुरामका लागि छोरीलाई उचित धरातल प्रदान गर्नुको चुनौति थियो । दुवैले आफ्नो राजनीतिको सेफल्यान्डिङ गर्ने गरी म्याच फिक्सिङ गरेका छन्, तर खेलको अन्तिम परिणाम भने आउन बाँकी नै छ ।

२. हरिबोल गजुरेल, लेखनाथ न्यौपाने, दिपशिखा, रंजित तामाङहरूको मोल माओवादी केन्द्रमा त्यति छँदै छैन जति बिना मगरहरूको छ । कञ्चनपुर-१ त्यसैको उदाहरण हो । बिना मगर प्रचण्डकी बुहारी हुन्, त्यसो त उनी पूर्व खानेपानी मन्त्री पनि हुन् तर उनी खानेपानी मन्त्री भएर बुहारी भइन् वा बुहारी भएर खानेपानी मन्त्री भइन् सबैलाई थाहा छ ।

**कुरा मधेसको**

ओलीको आलोचकको छवि बनाएका उपेन्द्र यादव संसद विघटनको विपक्षमा थिए । तर, मंसिरको निर्वाचनले उनलाई संसद विघटनकारीको पक्षमा ल्याई पुऱ्यायो । कारण थियो- संसद विघटनको विरोध गर्नेले भन्दा संसद विघटन गर्नेले ४ सिट बढी दिनु । एकाएक ओलीसँग सिट बाँडफाँटको फोटो सार्वजनिक गरेर उनी नैतिकतालाई खल्तीमा राखेरै चुनावी मैदानमा होमिएका छन् ।

राजनीतिक दलहरूले राजनीतिको नाममा आफ्नो हातमाथि पार्न जे-जस्तो काम गरेका छन्, त्यसले संसदीय राजनीतिको कुरूपतालाई नै निर्लज्ज ढंगले उदांगो पारिदिएको छ । आफू, आफ्ना र आफन्तसम्मको राजनीतिक स्वार्थको काँध चढेका सबै राजनीतिक दलका नेताहरूको प्रवृत्तिले टिकट नपाएर खिन्न बनेका खिमलाल देवकोटाको उक्तिलाई स्मरण गराई दिन्छ- 'जतिसुकै आदर्शका कुरा गरेतापनि आखिर राजनीति नाफा-घाटाको व्यापार नै रहेछ ।'

*-साभार: अनलाइनखबर*

# विकासका लागि मानवीय पुँजी



शुरबीर पौडेल

देशको आर्थिक विकास गर्न वित्तीय पुँजीमात्रै होइन, मानवीय पुँजी पनि उत्तिकै आवश्यक छ । मानिसमा भएको ज्ञान, सीप, अनुभव, क्षमता, नयाँ खोज, उद्यमशीलता, कामप्रतिको लगाव आदि मानवीय पुँजी हुन् । गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा, तालिम, पौष्टिक आहार, शुद्ध खानेपानी, स्वच्छ हावा, सरसफाइ आदिको व्यवस्था गरेर मानवीय पुँजीको निर्माण गरिन्छ । परिवार, शिक्षण संस्था, कार्यस्थल, तालिम केन्द्र, स्वास्थ्य संस्था आदिमा मानवीय पुँजीको निर्माण हुने गर्छ ।

अमेरिका, जापानजस्ता पुँजीवादी अर्थतन्त्र हुन् कि रूस, चीनलगायत साम्यवादी अर्थतन्त्र हुन्, ती सबैको विकासमा मानवीय पुँजीको ठोस योगदान रहेको पाइन्छ । जापान र जर्मनीको विकास संरचना दोस्रो विश्वयुद्धको समयमा ध्वस्त हुँदा पनि बाँच्न सफल बाँकी मानिसका ज्ञान, क्षमता, अनुभव, सीप र नवप्रवर्तनले ती देशको आर्थिक पुनर्निर्माण अपेक्षाकृत कम समयको अन्तरालमा सम्भव भएको थियो । अबको दुनियाँ त मानवीय ज्ञान वा नलेजको दुनियाँ हो भनिन्छ, अर्थात् जोसँग ज्ञान र सीप छ उही व्यक्ति नै धनी बन्छ । विगतमा बजारवाद, समाजवाद, साम्यवाद जुनसुकै आर्थिक पद्धति अपनाउने मुलुक किन नहुन्, ती सबैले आफ्नो मुलुकको आर्थिक विकासमा मानवीय पुँजी र श्रमको महत्त्वलाई उच्चतम स्थानमा राखेका थिए । कुनै पनि मुलुकको आर्थिक समृद्धिको पहिलो सर्त भनेको गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सबै मुलुकवासीको पहुँच हुनु हो । समृद्धिको दोस्रो सर्त भनेको उपलब्ध मानवीय पुँजीको सदुपयोग हो । यी दुवैमा राज्यको प्रमुख भूमिका हुने गर्छ, तर नेपाल यी दुवै क्षेत्रमा पछाडि परेको छ ।

**शिक्षा र स्वास्थ्यमा बेथिति**

नेपालमा भने २०४६ सालपछि सार्वजनिक शिक्षा र स्वास्थ्यको महत्त्वलाई उति ध्यान दिएको देखिएन । राज्यको ध्यान स्वास्थ्य र शिक्षाभन्दा अन्यत्रै मोडियो । सानो सरकारको नाउँमा स्वास्थ्य र शिक्षालाई राज्यले बिस्तारै आफ्नो जिम्मेवारीबाट हटाएर निजी क्षेत्रको हातमा सुम्पिन चाहेको देखियो । अरू क्षेत्रजस्तै शिक्षा र स्वास्थ्य क्षेत्र पनि निजी लगानीनिम्ति खुला गरियो । फलत: विद्यालय तहदेखि उच्च शिक्षा तहसम्म निजी क्षेत्रका थुप्रै शिक्षण संस्थाहरू र अस्पतालहरू सञ्चालनमा आए ।

चिकित्सकहरू नै अग्रसर भएर धमाधम निजी क्षेत्रका अस्पतालहरू स्थापना भए । सरकारी अस्पतालका चिकित्सकहरूको संलग्नतामा निजी लगानीमा अस्पतालहरू स्थापना र सञ्चालनमा आए । यसरी नै सरकारी विद्यालय र विश्वविद्यालयका शिक्षक, प्राध्यापकहरूको संलग्नतामा निजी क्षेत्रका विद्यालय र कलेजहरू स्थापना र सञ्चालनमा आए । निजी क्षेत्रको प्रवेशले एकातिर शिक्षा र स्वास्थ्य सेवाको विस्तार मात्रै गरेन, यसले रोजीछाडीको सुविधा पनि दियो । अर्कातिर राज्यको जिम्मामा रहनुपर्ने शिक्षा र स्वास्थ्य नै मुलुकमा सबैभन्दा बढी नाफामूलक उद्योगका रूपमा पनि फेरियो ।

स्वाभाविक रूपमा चौधरी ग्रुपलगायत अनेकौं ठूला-साना व्यापारी घरानाको लगानी क्षेत्रभित्र शिक्षा र स्वास्थ्य क्षेत्र पर्न गए । यिनमा केही रोजगारी सिर्जना भयो र केही व्यक्तिले रोजगारी पनि पाए । एक जना शिक्षक वा प्राध्यापकले दुई-तीनवटा शिक्षण संस्थामा धाएर आय बढाए । चिकित्सक झन् मालामाल भए, नाम-दाम कमाए । कति चिकित्सक पूर्णकालीन जागीर भएको सरकारी अस्पताल छाडेर निजी अस्पताल गएको देखियो, धेरैजसो चिकित्सकले यता र उता दुवैतिर धानेको देखियो । यसरी स्कुल, कलेज र अस्पताल स्थापना र सञ्चालनमा लाग्नेहरू करोडौंका मालिक बने । तर, बजारमा बिक्रीमा राखिएको शिक्षा र स्वास्थ्य सेवामा स्वाभाविक रूपमा सबै नागरिकको पहुँच सम्भव थिएन । अर्कातिर पञ्चायतकालमा स्थापित भएका सरकारी विद्यालय, कलेज, विश्वविद्यालय बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि राजनीति कार्यकर्ता उत्पादन र भर्तीकेन्द्रमा रूपान्तरित हुन पुगे । फलत: ती बिस्तारै अव्यवस्था र बेथितिका नमुना भए । दु:खको कुरो, सार्वजनिक शिक्षा र स्वास्थ्य सेवाको गुणस्तर झन्-झन् ओरालो लाग्दै गयो ।

सरकारी अस्पतालमा करोडौं मूल्यमा खरिद गरेका मेसिनहरू प्रयोगविहीन बनाएर राख्ने र बिरामीलाई उपचारका लागि निजी अस्पतालमा सिफारिस गर्नेजस्ता अनेकौं बेथिति देशको राजधानीमा देखिए । आफूसम्बद्ध निजी क्षेत्रका संस्थालाई लाभ पुग्ने गरी सरकारी अस्पतालका केही चिकित्सक र प्राविधिकहरूले खोटो नियत लिएर काम गरेको देखिँदासमेत कसैलाई कारबाही भएको सुनिएन ।

यसरी सरकारी र निजी संस्था दुवैतिर कार्यरत रहने र निजी संस्थाको व्यावसायिक स्वार्थका लागि सरकारी संस्थालाई हानि-नोक्सानी पुऱ्याउँदासमेत नियमन निकायले मौनधारण गरेको देखियो । यी सबै बेथितिका पछाडि पहिलो, आफू कार्यरत संस्थाप्रति शिक्षक, कर्मचारी वा चिकित्सकको बेवास्ता देखियो भने दोस्रो, यस्ता बेथितिमा राज्यको मौन सम्मतिले गलत प्रवृत्ति प्रोत्साहित भयो । एकातिर राजनीतिक दलका हर्ताकर्तासँग व्यापारीको उठबस हुनु र अर्कातिर ठूलो दलका बहुसंख्यक नेता तथा कार्यकर्ताहरूको हिस्सेदारी निजी क्षेत्रका अस्पताल, विद्यालय र महाविद्यालयमा रहनुले कतै राज्यको यस्तो मौनतापछाडिको रहश्य त खोल्दैन ?

कतिपय दलका नेता-कार्यकर्ताहरूको पुँजीबजार र घरघडेरीमा ठूलै लगानी भएको सुन्नमा आएको छ । घरघडेरी र पुँजीबजार कालोधनलाई सेतो बनाउन विश्वभरि नै उपयुक्त क्षेत्र मानिन्छ । हामीकहाँ त शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि यस्तो धन लगानी भएको अनुमान गर्नेहरू पनि छन् । यसरी हेर्दा वर्तमान समयमा देखिएजस्तो नेताको लगानी शिक्षा र स्वास्थ्य क्षेत्रमा रहेसम्म सार्वजनिक शिक्षा र स्वास्थ्य सेवाको गुणस्तरमा सुधार होला भन्न सकिने अवस्था देखिँदैन । शिक्षा र स्वास्थ्य क्षेत्रमा देखिएको बेथितिको अर्को कारण शिक्षक र कर्मचारीको दलीय आबद्धता पनि हो । सार्वजनिक संस्था वा सरकारी कार्यस्थलमा कुनै दल विशेषको सदस्य भएका शिक्षक, कर्मचारी रहनु राम्रो होइन । उसको काम देशको कानुनको पालन गराउने वा जनतालाई बिनामोलाहिजा छिटोछरितो गुणस्तरीय सरकारी सेवा प्रदान गर्ने हुन्छ । तर, हामीकहाँ खुलमखुला ठूला दलहरूले आफ्नो दलप्रति आस्थावान् शिक्षक र कर्मचारीहरूको संगठन बनाएर वर्षौंदेखि राजनीति गर्दै आइरहेका छन् । यस परिप्रेक्ष्यमा हालसालै काठमाडौं महानगरका मेयर बालेन साहले शिक्षक र कर्मचारीलाई दलीय आबद्धता त्याग्न अनुरोध गरेर प्रशंसनीय काम गरेका छन् ।

यसलाई कार्यान्वयनमा लैजान उनले सक्लान्/नसक्लान्, त्यो त हेर्नु नै छ । तर, यसो हुनु एकदमै आवश्यक छ । स्थानीय निकायअन्तर्गत मात्रै नभएर संघीय र प्रदेश सरकारअन्तर्गतका सरकारी संस्थाहरू र निकायमा गैरदलीय आबद्धता आवश्यक छ भन्ने देखिएको छ । अमुक दलको कार्यकर्ता भएर कतिपयले विगतमा आफ्नो भाग्य चम्काए, तर रोजगारीको हिसाबबाट भने उत्पादित बहुधा जनशक्ति कमजोर गुणस्तरका कारणले बेकामे बन्न पुगे । आर्थिक विकासको अभावमा देशमा एकातिर शिक्षित, अर्धशिक्षित र अशिक्षित बेरोजगारीको भीड बढ्यो भने अर्कातिर सीमित रूपमा सिर्जित रोजगारीमा पनि योग्य जनशक्तिको अभाव देखिन थालेको धेरै भयो ।

फलत: कतिपयले गुणस्तरीय शिक्षाका लागि आफ्ना सन्तानलाई बाध्यतावश भारत, अमेरिका, अस्ट्रेलिया, युके आदि पठाउनुपर्ने अवस्था आयो । विप्रेषणबाट प्राप्त विदेशी विनिमय सञ्चिति आर्थिक विकासका लागि उपयोग हुनुपर्नेमा विदेशमा अध्ययनका लागि खर्च गर्नुपर्ने अवस्था आयो । यसरी अध्ययनका लागि पठाइएका नवयुवामध्ये एकाधलाई छोडेर सबैमा उतै बसाइँ सर्ने प्रवृत्ति देखिएको छ । देशका भावी कर्णधारलाई विदेशी भूमिमा बसाइँ गर्ने गरी विदेशी विनिमय खर्चिनुपर्ने अवस्था तिनका अभिभावक र देशका लागि गम्भीर चिन्ताको विषय हुनुपर्ने हो । -कारोबारडेली

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ कार्तिक ३ गते बिहीबार २० अक्टोबर २०२२ । कात्तिक कृष्णपक्ष दशमी । कौलागा ११४२ ने.सं. । सूर्योदय ६:०७, सूर्यास्त ५:२८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक चिन्ता | **तुला** | : परिवारमा हर्ष |
| **वृष** | : कार्यान्तरणको योग | **वृश्चिक** | : व्यवसाय फस्टाउने |
| **मिथुन** | : व्यर्थ भ्रमण | **धनु** | : नैराश्यता |
| **कर्कट** | : मान प्रतिष्ठा वृद्धि | **मकर** | : परिश्रमबाट सफलता |
| **सिंह** | : धनहानि | **कुम्भ** | : सम्पत्तिसम्बन्धी विवाद |
| **कन्या** | : हर्ष थपिने | **मीन** | : मित्रबाट विरोध |

# 'कप्टी' गीत: 'झ्याईं पारौं' भन्दै नाचे उमेश र उर्मिला



काठमाडौं/ भुपेन्द्र गुरुङ निर्देशित फिल्म 'कप्टी' आगामी फागुन ५ गतेबाट सार्वजनिक प्रदर्शनको तयारीमा रहेको छ । निर्माण युनिटले अहिले देखिनै फिल्मको प्रचारप्रसार गरिरहेको हो । यस्तैमा फिल्म युनिटले मंगलबार 'झ्याईं पारौं' बोलको गीत पनि सार्वजनिक गरेको छ । लोक लयको गीतमा मेलिना राई, रामकुमार नेपालीको स्वर र आश्रम गुरुङको शब्द तथा संगीत छ । चक्र पुलामी मगरको कोरियोग्राफी रहेको गीतको भिडियोमा उमेश गुरुङ, उर्मिला गुरुङ, शेरबहादुर गुरुङ, स्मृति बलामीको अभिनय देख्न सकिन्छ ।

फिल्मको केही अगाडि बेलायतमा प्रिमिएर समेत गरिएको थियो । प्रिमिएरमा सकारात्मक प्रतिक्रिया पाएको फिल्ममा उमेश गुरुङ, उर्मिला गुरुङ, शेरबहादुर गुरुङ, केशव राई, स्मृति बलामी, सोनी गुरुङ, विकास गुरुङ, बिनु गुरुङ लगायतको अभिनय देख्न सकिन्छ ।

मदन घिमिरेको छायांकन, नारायण रायमझी, मेलिना राई, धर्मेन्द्र सेवान, टीका पुन र तारा सिरिस मगरको गायन रहेको फिल्मको निर्माता मोहन कुमार खत्री, प्रेम बहादुर गुरुङ, मिनु लामा र मनिता गुरुङ हुन् । सोलुखुम्बुको जुबु र त्यस आसपासका रमणीय स्थानमा छायांकन भएको फिल्मले आफ्नै पिताको हत्यारासँगको बदला लिन पुरुषले गर्ने संघर्षको कथा विषयवस्तु बनाएको छ ।

## चोरीका मोटरसाइकलसहित पर्साबाट ६ जना पक्राउ




वीरगञ्ज/ प्रहरीले पर्साबाट चोरी गरिएका पाँच वटा मोटरसाइकलसहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीले वीरगञ्ज महानगरपालिकाका विभिन्न स्थान र पर्साको पोखरिया नगरपालिकाबाट चोरिएका मोटरसाइकलसहित उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा वीरगञ्ज-१३ का सुमित कुशवाहा, वीरगञ्ज-१२ का राजन मण्डल, अभय मण्डल, वीरगञ्ज-११ का नन्दनकुमार चौरसिया र वडा नम्बर १० का रिकी मण्डल रहेका छन् ।

यसैगरि पोखरिया नगर पालिका-६ का खरबुद आलमलाई प्रहरीले सखुवा प्रसौनी गाउँपालिका-२ बाट पक्राउ गरेको पर्साका प्रहरी प्रवक्ता दीपक गिरीले बताए ।

# अभिनेता अनुप भन्छन्- हिरो र भिलेनभन्दा पनि चरित्र महत्वपूर्ण हुन्छ



काठमाडौं/ नेपाली फिल्ममा हिरो र भिलेनको रुपमा कलाकारले छवि निर्माण गर्ने गरेका छन् । केही समय यता चरित्रअनुसार प्रस्तुति हुने भए तापनि दर्शकको बुझाइमा हिरो र भिलेनको परिचय छुट्टै स्थापित छ । प्रशान्त ताम्राकार, अनुप विक्रम शाहीलाई ह्यान्डसम भिलेन भनिन्छ ।

हिरोको रुपमा आफ्नो परिचय स्थापित गर्न काम गरिरहे तापनि दर्शकले अन्य भूमिकामा भन्दा उनीहरुलाई भिलेनमा रुचाए ।

अनुप समय बित्दै जाँदा हिरो र भिलेनको भिन्नता हट्दै गएको बताउँछन् । 'अहिले सहजै कलाकार मान्नुहुन्छ । नत्र हिरोजस्तो मान्छे भिलेन किन बनेको भन्ने प्रतिक्रिया पाउने गर्थें', अभिनेता अनुप विक्रम शाही भन्छन् ।

'हँसिया' फिल्ममा उनले निर्वाह गरेको भिलेनको भूमिकाले दर्शकमाझ प्रभाव छाड्न सफल भएको थियो । त्यसयता अनुपले सकारात्मक भूमिका कमै मात्र निर्वाह गर्ने मौका पाएका छन् । मोडलिङ हुँदै अभिनेता बनेको प्रशान्त ताम्राकार पनि भिलेनमा खोजिने अनुहार भित्र पर्छन् । 'ऐश्वर्य' मा निर्वाह गरेको भूमिकापश्चात् प्रशान्तले भिलेनकै भूमिका मात्र अफर पाइरहेका छन् । 'मैले भूमिकालाई सकारात्मक वा नकारात्मक रुपमा कहिले हेरिँन । आइरहेको भूमिकालाई सुहाउँदो हेरेर अभिनय गरें । यद्यपि ह्यान्डसम भिलेनभन्दा रमाइलो लाग्छ', अभिनेता ताम्राकार भन्छन् । -इकागजबाट

# तापक्रम घट्दै, चिसो बढ्दै

काठमाडौं/ मनसुन बाहिरिएसँगै पश्चिमी वायुको प्रभाव सक्रिय रहेकाले बदली र वर्षाको सम्भावना रहेको छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखा मौसमविद् हीरा भट्टराईका अनुसार पछिल्ला दिनमा तापक्रम घट्दै गएको छ । पश्चिमी वायु सक्रिय रहेकाले चिसो पनि बढेको छ । मनसुन सकिएपछि पश्चिमी वायुको प्रवेश हुने भएकाले दुई दिन बदली र वर्षाको सम्भावना रहेको उनले बताए ।

उनले भने, 'मनसुन बाहिरिएसँगै पश्चिमी वायुहरू सक्रिय हुन्छन् आज र भोलि धेरै नै सक्रिय छन् जसले गर्दा सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशमा बदली गराएर पहाडी भू-भागमा हल्का वर्षा गराउने सम्भावना रहेको छ ।'

पश्चिमी वायुसँगै चिसो पनि आउने भएकाले अबका दिनमा क्रमश: चिसो बढ्दै जाने मौसमविद् भट्टराईको भनाइ छ । यस वर्षको मनसुन गत शनिबारबाट नेपालको सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी र मधेस प्रदेशको पश्चिमी भू-भागबाट बाहिरिएको थियो । बाँकी प्रदेश नं १ को मनसुन पनि आइतबार बाहिरिएको छ । अहिले नेपालबाट मनसुन पूर्णरूपमा बाहिरिसकेको महाशाखाले जनाएको छ । गत जेठ २२ गते नेपालको पूर्वी भू-भाग भएर नेपालमा मनसुन प्रवेश गरेको थियो ।

नेपालमा मनसुन बाहिरिएपछि पछिल्ला दिनमा देशभर को मौसम सफा रहेको छ । मौसम खुलेपछि राजधानी काठमाडौंबाट उत्तरी भेगमा देखिन हिमशृंखला र हरिया डाँडाको मनमोहक दृश्यले शरद ऋतुमा रौनक थपिएको छ । तीन दिनयता खुलेको मौसममा क्यामेरामा कैद गरिएका मनोरम दृश्यले सञ्चारमाध्यम र सामाजिक सञ्जालमा छाएको छ ।

हाल नेपालमा कुनै उल्लेखनीय मौसमी प्रणालीको प्रभाव नरहेकाले देशभरको मौसम सामान्यतया सफा रहेको छ । अहिले देशको पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा मौसम सफा रहेको छ । आज काठमाडौंको न्यूनतम १२ र अधिकतम तापक्रम २६ डिग्री सेल्सियस रहेको छ ।

# भलिबल खेलाडी दैनिकजसो घाइते, चन्दा उठाएर उपचार



पोखरा/ नवौं राष्ट्रिय खेलकुदअन्तर्गत पोखरा रंगशालामा २८ गतेबाट सुरु भएको पुरुष भलिबल प्रतियोगिताको उद्घाटन खेलमा गण्डकीका खेलाडी प्रेम कुमाल घाइते भए । उद्घाटन खेलको दोस्रो सेटमै खुट्टा भाँचेका उनी मैदान फर्किने कुरै भएन ।

राष्ट्रिय खेलकुद परिषद्ले आयोजना गरेको राष्ट्रिय खेलकुद प्रतियोगिताकै क्रममा घाइते भएका कुमालको दुर्घटना बीमा थिएन, उनले आफ्नै खर्चमा उपचार गर्नुपर्ने बाध्यता आइलाग्यो । तर, आर्थिक अवस्था कमजोर भएका उनले आफ्नै खर्चमा उपचार गर्न सकेनन् ।

खेलकै क्रममा घाइते भए पनि आयोजकले खर्च नव्यहोरेपछि कुमालको उपचार गर्न देशविदेशबाट आर्थिक सहयोग संकलन गर्न थालियो ।

र, नवौं राष्ट्रिय खेलकुदको मुख्य आयोजनास्थल पोखरा रंगशालामै १ लाख ३२ हजार रुपैयाँ सहयोग रकम हस्तान्तरण गरियो ।

जारी प्रतियोगितामा घाइते हुने उनी एक्ला होइनन् । प्याराग्लाइडिङ खेलाडी निसिम थापाको त दुर्घटनामा परेर मृत्यु नै भएको छ । भलिबलकै र अन्य खेलका अरु खेलाडी पनि घाइते भएका छन् ।

मंगलबारमात्रै लुम्बिनी प्रदेश र विभागीय टिम एपीएफबीच भइरहेको भलिबल खेलमा लगालग ३ जना घाइते भए । घाइते हुनेमा लुम्बिनी प्रदेशका विजय परियार, एपीएफका देवराज अवस्थी र रुपेन्द्र गैह्रे गम्भीर घाइते छन् । खेलकै क्रममा खेलाडी घाइते भएपछि खेलै रोकिएको छ ।

भलिबलका खेलाडी दैनिक जसो नै घाइते भइरहेका छन् । यसरी किन दैनिक खेलाडी घाइते भइरहेका छन् त ?

लुम्बिनी प्रदेशका टिम क्याप्टेन लोकेन्द्र भण्डारी भन्छन्, 'आउटडोरमा पनि म्याट राखेर खेलाइएको छ । हामीले सुरुदेखि नै यस्तो म्याट हुँदैन, दुर्घटना हुन्छ भन्दै आयौं । तर, लापरबाही गरियो ।' त्यसअघि पनि लुम्बिनीकै खेलाडी चिरञ्जीवी खड्का खेलकै क्रममा घाइते भएका थिए ।

भण्डारीले राष्ट्रिय खेलमा सहभागी हुन आए पनि आफूहरुलाई सुरक्षा प्रत्याभूति नहुँदा दुख लागेको सुनाए । 'हाम्रो लाइफको ग्यारेन्टी खै त ? राष्ट्रिय खेलकुदमा आएजस्तै लागेको छैन,' उनले भने, 'खेलमा घटना नघट्ने भन्ने होइन । तर, इन्सुरेन्स पनि नहुँदा आफ्नै खर्चमा उपचार गर्नुपर्ने अवस्था छ ।' उनले अरु खेलमा बीमा भए पनि भलिबलमा नभएको दाबी गरे ।

खेलाडी र टिमले म्याट नहटाएसम्म नखेल्ने अडान लिएपछि अहिले म्याट हटाइएको छ । भलिबल कोर्टमा रहेको म्याट हटाएपछि मात्रै खेल सुरु गर्न आफूहरुले माग राखेको लुम्बिनीका कप्तान भण्डारीले बताए । 'इन्डोरमा भए ठिकै हो । तर, आउटडोरमा यो म्याट ठिक होइन,' उनले भने ।


प्रदेश खेलकुद परिषद्का सदस्य तथा नवौं राष्ट्रिय खेलकुद प्रचारप्रसार उपसमिति सदस्य केशव पाठकका अनुसार भलिबल कोर्टमा बिच्छ्याइएको म्याट पुरानो हो । 'यहाँ आएको म्याट नवलपुरमा सेपाकटाक्रोका लागि पठाइएको छ । यो म्याट र नेट पुरानै हो,' उनले भने, 'यसबारे पहिले नै जानकारी दिएको हो । तर, वास्ता भएन ।'

गण्डकीमा सबैभन्दा लोकप्रिय रहेको भलिबल खेलका प्रतिस्पर्धा पोखरा रंगशालामा चलिर हँदा १०० रुपैयाँको टिकट काटेरै दर्शकले हेर्ने गरेका छन् । अन्य खेल निशुल्क हुँदा खेलस्थल खाली हुने गरे पनि भलिबलमा टिकट काटेरै पनि दर्शकको घुइँचो लाग्ने गरेको छ ।

भलिबल संघले खेललाई व्यवस्थित बनाउन टिकट लिइरहेको दाबी गरेको छ । गण्डकी प्रदेश भलिबल संघ गण्डकीका महासचिव टहलसिंह थापाले भने, 'खेललाई व्यवस्थित गराउन र कोषवृद्धिका लागि राखेपसँगकै अनुमतिमा टिकट दिन थालेका हौं ।'

-साभार: अनलाइनखबर

# निर्माण रोकिंदा सिमेन्ट उद्योग समस्यामा



काठमाडौं/ लगानीयोग्य रकम अभावमा निर्माणका कार्य प्रभावित हुँदा सिमेन्टको बिक्री पनि प्रभावित भएको छ । बजारमा खपत नभए पछि सिमेन्ट उद्योगहरु समस्यातर्फ अघि बढेको नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष ध्रुबराज थापाले बताए । थापाकाअनुसार सिमेन्टको बिक्री गत वर्षको भन्दा आधाले घटेको छ ।

'सिमेन्टका खपत गतवर्ष भन्दा आधाले घटेको छ । उद्योग बन्द गर्नपुर्ने अवस्थामा पुगेका छौं,' अध्यक्ष थापा भन्छन्, 'न सरकार खर्च गर्छ, न निजी क्षेत्रलाई खर्च गर्न बैंकहरुसँग पैसा छ ।'

बजारमा नियमित मूल्यमा सिमेन्टको बिक्री नहुँदा बैंकको किस्ता र ब्याजदरका लागि सिमेन्ट कम्पनीहरुले लागत भन्दा पनि सस्तोमा बिक्ने सिमेन्ट बिक्री गरिरहेको संघले जनाएको छ । बैंकको ब्याजदर, कच्चा पदार्थको लागत मूल्यमा भारी बृद्धि र बिक्री घट्ने कारणले सिमेन्ट उद्योगहरु शिथिल भएको उनीहरुको दाबी छ ।

सिमेन्ट उद्योगी एवम् संघका कोषाध्यक्ष विकास दुगड पनि सिमेन्ट उद्योगहरु समस्यामा पर्दै गएको बताउँछन् । बैंकले लगानीयोग्य रकम लगानी गर्न नसक्दा निर्माणका काम ठप्प भएको र यसको असर सिमेन्ट उद्योगमा परेको उनले पनि बुझाइ छ ।

'उद्योगहरुको उत्पादन नियमित छ बजारमा खपत छैन,' दुगडले भने, 'यसको मूख्यकारण बैंकहरुले होम लोनमा रकम दिन नसक्नु र सरकारी निर्माण पनि नहुनु हो ।' बैंक ब्याजदर अझै बढ्ने हल्लाहरु आएको भन्दै दुगडले कोइलाको मूल्य तीन गुणा बढ्नु, डिजेलको मूल्य पनि आकासिनु अर्को दुर्भाग्य भएको बताए । सिमेन्ट ओभर प्रडक्सन हुँदा उत्पादित सिमेन्ट मौज्दात राख्ने अवस्था बनेको पनि बताए । बैंक किस्ता तिर्नका लागि उद्योगहरु जबर जस्त बिक्रीमा लाग्दा बजारमा अस्वस्थ प्रतिस्पर्धा भएको पनि उनको भनाइ छ । सिमेन्टमा विदेशी लगानी रोक्न पर्ने अवस्था आएको र यसबारे सरकारले तत्काल कदम नचाले भएका उद्योगहरुको भविष्य जोखिममा पर्ने पनि उनको भनाइ छ ।

संघका अध्यक्ष थापा निर्यातमा अनुदान सम्बन्धी संशोधित निर्यात कार्यविविधिले साना सिमेन्ट उद्योगीलाई अन्याय गरेको बताउँछन् । निर्यातमा ८ प्रतिशतसम्म नगदअनुदान पाउन ५० करोड बजार बराबरको निर्यात गर्नुपर्ने मापदण्डले साना सिमेन्ट उद्योग लाभान्वित नहुने उनको तर्क छ ।

'नेपालमा मात्रै सर्भाइव हुन नसके निर्यात नै विकल्प हो तर, यसमा पनि सरकारले भाँजो हाल्यो,' अध्यक्ष थापा भन्छन्, 'साना उद्योगले ५० करोडको सीमा कसरी पूरा गर्न सक्छन ? आफ्नै क्षमताले निर्यात गर्ने उद्योगलाई पनि अनुदान हुनु पर्ने थियो ।' नेपाल निर्माण व्यवसायी महासंघले पनि अहिले निर्माण चक्र मन्दीको अवस्थामा रहेको बताएको छ । लगानीयोग्य रकम अभावमा बैंकहरु पर्दा तयसको असर उत्पादकदेखि निर्माणका उपभोक्तासम्म परेको महासंघका अध्यक्ष रवि सिंहले बताए ।

सरकारबाट यथेष्ठ मात्रामा खर्च गर्न नसक्नु, काम भइरहेका आयोजनामा भुक्तानीका लागि झन्झटिलो प्रक्रिया हुनु र नयाँ आयोजना नहुनुले बजारमा नगद प्रवाहमै समस्या भएको उनको भनाइ छ । चुनावमा हुने खर्च र हिउँद लागेका कारण निर्माणका काममा केही गति बढे मात्रै निर्माणसंग सम्बन्धित औद्योगिक चक्र चलायमान हुने आशा बाँकी रहेको सिंहको भनाइ छ ।

नेपाल सिमेन्ट उत्पादक संघकाअनुसार नेपालमा अहिले ६६ वटा सिमेन्ट उद्योगहरु सञ्चालनमा छन् । ती उद्योगमा कुल लगानी ३ खर्ब भन्दा धेरै छ । वार्षिक २५ मिलियन टन भन्दा धेरै उत्पादन क्षमता रहेका ती सिमेन्ट उद्योगहरु अहिले बजारको अभावमा कम क्षमतामा चलिरहेको पनि संघको भनाइ छ । -साभार: अनलाइन

# प्रत्यक्षतर्फ दुई प्रदेशको मतपत्र छपाइ सकियो



काठमाडौं/ आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि कर्णाली र सुदूरपश्चिम प्रदेशका लागि मतपत्र छपाइ सम्पन्न भएको छ । यी दुई प्रदेशमा रहेका निर्वाचन क्षेत्रसहित हालसम्म यस प्रणालीतर्फ प्रतिनिधिसभाको ३८ र प्रदेश सभाको ८० निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको छ ।

यस पटक पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन क्षेत्रमा उम्मेदवारको मनोनयन पत्र दर्ता भई अन्तिम नामावलीमा कायम उम्मेदवारको निर्वाचन चिन्ह मात्र समावेश गरी मतपत्र छपाइ गरिएको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए । आयोगले भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा दैनिक करिब २५ लाख मतपत्र छपाइ गरिरहेको छ । हालसम्म पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत कुल ८९ लाख ९९ हजार मतपत्र छपाइ भइसकेको छ । सोमध्ये प्रदेश सभातर्फ ४७ लाख १५ हजार र प्रतिनिधिसभातर्फ ४३ लाख ४८ हजार रहेको छ ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र यसअघि नै छपाइ भई वितरण सुरु भइसकेकोछ । हालसम्म बागमती, मधेस र प्रदेश-१ का सबै निर्वाचन क्षेत्रमा मतपत्र ढुवानी भइसकेको छ । बाँकी प्रदेशमा यही कात्तिक ३ गतेदेखि मतपत्र ढुवानी सुरु हुने छ ।


मलेसियामा रोजगार | कम्पनी: GREENLOOK MANAGEMENT SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०५/०२ चलानी नं.: ६०१८५७०२ Lt No.: 269879 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 0 | सा. कामको दक्षता | 1500 | ४५००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231
चितवन सम्पर्क : ९८५५०६३४५४, ९८०६५९५१०२



के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com


# तीन महिनामा विकास खर्च पाँच प्रतिशत मात्रै




काठमाडौं/ चालु आर्थिक वर्ष २०७९/८० को तीन महिनामा लक्ष्यको ५.१७ प्रतिशत मात्र विकास खर्च भएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार साउन १ गतेदेखि असोज ३१ गतेसम्म जम्मा ५.१७ प्रतिशत विकास खर्च भएको छ ।

तीन महिनाको अवधिमा तीन खर्ब ८० अर्ब ३८ करोड रुपैयाँ खर्च गर्ने लक्ष्य राखेको भए पनि साउन, भदौ र असोजमा १९ अर्ब ६८ करोड ११ लाख रुपैयाँ मात्र खर्च भएको हो ।

तर, गत आर्थिक वर्षको तीन महिनामा भएको विकास खर्चको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा भने विकास खर्च बढेको देखिन्छ । गत आवको तीन महिनामा लक्ष्यको करिब चार प्रतिशत मात्रै विकास खर्च भएको थियो । गत आवमा तीन खर्ब ७८ अर्ब नौ करोड रुपैयाँ विकास खर्च गर्ने लक्ष्य राखिएकोमा असोज ३१ गतेसम्म १४ अर्ब ८८ करोड ९३ लाख रुपैयाँ मात्र विकास खर्च भएको थियो ।

***तीन महिनामा राजस्व संकलनभन्दा चालु खर्च बढी***

चालु आर्थिक वर्षको तीन महिनामा राजस्व संकलनभन्दा बढी चालु खर्च भएको छ । साउन, भदौ र असोजमा दुई खर्ब आठ अर्ब ५८ करोड रुपैयाँ राजस्व संकलन भएको छ भने दुई खर्ब २३ अर्ब ७५ करोड रुपैयाँ चालु खर्च भएको छ ।

उक्त राजस्व संकलन चालु आर्थिक वर्षमा राखिएको लक्ष्यको १४.८७ प्रतिशत हो भने चालु खर्च लक्ष्यको १८.९१ प्रतिशत हो । चालु आर्थिक वर्षमा १४ खर्ब तीन अर्ब १४ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखिएको छ भने ११ खर्ब ८३ अर्ब २३ करोड रुपैयाँ चालु खर्च गरिने लक्ष्य राखिएको छ ।


गत वर्ष तीन महिनामा दुई खर्ब ५५ अर्ब तीन करोड रुपैयाँ राजस्व संकलन भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । सो अवधिमा चालु खर्चभन्दा बढी राजस्व संकलन भएको थियो । सो वर्ष राजस्व लक्ष्यको २१.६ प्रतिशत राजस्व संकनल भएको थियो भने चालु खर्च १७.५१ प्रतिशत भएको थियो ।

चालु आर्थिक वर्षमा १७ खर्ब ९३ अर्ब ८३ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

# बागमतीमा ३४ लाख ७१ हजार मतदाता

साझाकुरा संवाददाता

हेटौंडा, १ कार्तिक/ देशका ७ वटा प्रदेशमध्ये बागमती प्रदेशमा सबैभन्दा धेरै मतदाता रहेका छन् । जनसंख्याको दृष्टिकोणले सबैभन्दा ठूलो प्रदेश बागमतीमा मतदाता पनि बढी रहेका हुन् ।



आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा देशभर कुल मतदाताको संख्या १ करोड ७९ लाख ८८ हजार ५ सय ७० रहेको निर्वाचन आयोगले जानकारी दिएको छ । जसमध्ये पुरुष मतदाता ९१ लाख ४० हजार ८ सय ६, महिला मतदाता ८८ लाख ४७ हजार ५ सय ७९ र अन्य मतदातामा १ सय ८५ रहेका छन् ।

बागमती प्रदेशमा कुल ३४ लाख ७१ हजार ४ सय ९२ जना मतदाता रहेको निर्वाच आयोगले जानकारी दिएको छ । बागमतीमा पुरुष मतदाता १७ लाख ३८ हजार ८७, महिला मतदाता १७ लाख ३३ हजार ३ सय ७८ र अन्यमा २७ जना मतदाता रहेको आयोगले जनाएको छ ।

कर्णाली प्रदेशमा सबैभन्दा कम मतदाता रहेका छन् । कर्णाली प्रदेशमा कुल १० लाख ८ हजार ४०३ जना मतदाता रहेको आयोगले जनाएको छ । ५ लाख १० हजार ४ सय २० जना पुरुष, ४ लाख ९७ हजार ९ सय ८० महिला र ३ जना अन्य मतदाता छन् ।

प्रदेश १ मा कुल मतदाता संख्या ३३ लाख ९६ हजार ८ सय ६५ छन् । १ नम्बर प्रदेशमा पुरुष मतदाता १७ लाख २९ हजार ७ सय ७२, महिला मतदाता १६ लाख ६७ हजार ७१ र अन्य मतदाता २२ जना रहेका छन् । मधेश प्रदेशमा ३३ लाख ८६ हजार ६ सय २८ मतदाता छन् । जसमध्ये पुरुष १८ लाख २७ हजार ८ सय ५४, महिला १५ लाख ५८ हजार ७ सय ४ र अन्य ७० जना छन् ।

लुम्बिनी प्रदेशमा कुल मतदाता संख्या ३२ लाख ४९ हजार ६ सय ३७ रहेको आयोगले जानकारी दिएको छ । लुम्बिनीमा पुरुष १६ लाख ३७ हजार १ सय ३२, महिला १६ लाख १२ हजार ४ सय ७१ र अन्य ३४ जना छन् । देशका सात प्रदेशमध्ये गण्डकी र सुदूरपश्चिम दुई प्रदेशमा मात्र पुरुषभन्दा महिला मतदाताको संख्या बढी रहेको छ । गण्डकी प्रदेशमा १८ लाख १७ हजार ५ सय ४१ जना मतदाता छन् । गण्डाकीमा पुरुष मतदाता ८ लाख ८२ हजार ३ सय २९, महिला मतदाता ९ लाख ३५ हजार २ सय १ र र अन्य मतदाता ११ जना छन् । सुदूरपश्चिम प्रदेशमा कुल मतदाता संख्या १६ लाख ५८ हजार ४ रहेको निर्वाचन आयोगले जनाएको छ । सुदूरपश्चिममा रहेका मतदातामध्ये पुरुष ८ लाख १५ हजार २ सय १२, महिला ८ लाख ८२ हजार ७ सय ७४ र अन्य १८ जना रहेका छन् ।

## गण्डकीका अनिशलाई म्याराथनमा स्वर्ण



पोखरा, १ कात्तिक/ नवौं राष्ट्रिय खेलकुद अन्तर्गतको पुरुष म्याराथनको उपाधि गण्डकी प्रदेशका अनिश थापा मगरले जितेका छन् ।

भारतीय सेनामा कार्यरत अनिशले निर्धारित दूरी २ घण्टा २२ मिनेट ५४ सेकेन्डमा पूरा गर्दै गण्डकीलाई स्वर्ण दिलाए । नेपाली भूमीमा म्याराथनमा अनिशको पहिलो स्वर्ण हो ।

त्रिभुवन आर्मी क्लबका कृष्ण बस्नेतले रजत हात पारे । कृष्णले २ घण्टा २३ मिनेट र १४ सेकेन्ड समय खर्चिए ।

यता नेपाल एपीएफ क्लबका सन्तोष विक्रम विष्टले कास्य जिते । सन्तोषले २ घण्टा ३० मिनेट र ५४ सेकेन्डमा दौडिदै कास्य जितेका हुन् । -इकागजबाट

# विनयबाबु स्मृति भलिबल हुने

साझाकुरा संवाददाता

हेटौंडा, १ कार्तिक/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा रनिङशिल्ड जिल्लस्तरीय भलिबल प्रतियोगिता हुने भएको छ ।

हरेक वर्ष जस्तै आगामी कार्तिक पहिलो हप्तादेखि थाहा नगरको २ नम्बर वडामा भलिबल हुन लागेको हो । विनयबाबु बस्नेत स्मृति जिल्लास्तरीय रनिङ शिल्ड भलिबल प्रतियोगिताको तयारी अन्तिम चरणमा रहेको आयोजकले जानकारी दिएको छ ।

प्रतियोगिता ६ कार्तिकबाट सुरु भएर ८ कार्तिकमा समापन हुने विनयबाबु बस्नेत स्मृति प्रतिष्ठानका अध्यक्ष शंकर कार्कीले जानकारी दिए । गतवर्षको विनयबाबु बस्नेत स्मृति जिल्लास्तरीय रनिङ शिल्ड भलिबल प्रतियोगिता मकवानपुर गढीको आमभञ्ज्याङ युवा क्लबले जितेको थियो ।

अध्यक्ष कार्कीका अनुसार प्रतियोगितामा सहभागिता जनाउन ४ कार्तिकभित्र टिम दर्ता गरिसक्नु पर्ने जनाइएको छ । दर्ता शुल्क प्रतिष्ठानले तीन हजार रुपैयाँ तोकेको छ । प्रतियोगितामा प्रथम हुनेलाई नगद ५१ हजार ५१ रुपैयाँ, द्वितीयलाई २६ हजार २६ रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र रहेको कार्कीले जानकारी दिए । प्रतियोगितामा उत्कृष्ट पाँच विधा अन्तर्गत उत्कृष्ट खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट स्पाइकर र उत्कृष्ट ब्लकरलाई नगदसहित मेडल प्रदान गरिने जनाइएको छ ।

प्रतियोगिताको हरेक खेलमा म्यान अफ दी म्याच प्रदान गरिने छ । प्रतियोगितामा जिल्लाभरका करिब १५ वटा टिमले सहभागिता जनाउने छन् ।

पाँचौ पटक आयोजना हुन लागेको जिल्ला स्तरीय भलिबल प्रतियोगिताको अनुमानित खर्च ३ लाख ५० हजार रुपैयाँ रहेको उनले जानकारी दिए ।

प्रतियोगिताको चौथो संस्करणको उपाधि मकवानपुरगढी गाउँपालिकाले जितेको थियो ।

# कांग्रेस मकवानपुरको निर्वाचन परिचालन समिति



साझाकुरा संवाददाता

हेटौंडा, १ कार्तिक/ गठबन्धनको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस मकवानपुरले निर्वाचन परिचालन समिति बनाएको छ ।

आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा गठबन्धनबाट उठेका उम्मेदवारलाई जिताउन निर्वाचन परिचालन समिति बनाइएको हो । कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाको संयोजकत्वमा ७ सय १ सदस्यीय जिल्ला निर्वाचन परिचालन समिति गठन गरिएको जिल्ला सचिव भिमसेन महतले जानकारी दिए । समिति सदस्यहरुमा जिल्ला कार्यसमितिका पदाधिकारी, जिल्ला सदस्य र भातृ संगठनका प्रमुखहरु रहेका छन् । पूर्वजिल्ला सभापति माइकल रामचन्द्र अर्यालको संयोजकत्वमा ११ सदस्यीय अनुगमन समिति गठन गरिएको छ ।

कांग्रेस मकवानपुरका सहसचिव निशान बजगाईको संयोजकत्वमा ७ सदस्यीय आर्थिक समिति गठन गरिएको छ । पार्टी प्रवक्ता अर्जुनप्रसाद चौलागाईको संयोजकत्वमा १ सय २५ सदस्यीय प्रचार प्रसार समितिसमेत गठन गरिएको सचिव महतले जानकारी दिएका छन् ।

तरुण दल मकवानपुरका सचिव सचित थापाको संयोजकत्वमा युवा परिचालन समिति पनि गठन गरिएको छ । पार्टी सभापति लामाको अध्यक्षतामा भएको भेलामा नेपाली कांग्रेस सहमहामन्त्री एवम् मकवानपुर क्षेत्र नम्बर १ का उम्मेदवार महालक्ष्मी उपाध्याय डीना, पार्टी बागमती प्रदेश सभापति तथा मकवानपुर क्षेत्र नम्बर २ (ख) का उम्मेदवार 'इन्द्रबहादुर बानियाँ, क्षेत्र नम्बर १ (ख)का उम्मेदवार आनन्दराम पराजुलीलगायतकाको उपस्थिति थियो ।

## ओली अस्वस्थ, निवासमै आराम



काठमाडौं/ नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई रुघाखोकी र ज्वरो आएको छ । मंगलबार चुनावी कार्यक्रमका लागि झापा पुगेका ओलीलाई रुघाखोकीको ज्वरो आएको एमाले नेता तथा झापा ५ क का उम्मेदवार समेत रहेका हिक्मत कार्कीले बताए ।

'रुघाखोकीको ज्वरो आएर भेटघाट र अन्य कार्यक्रममा सहभागी हुनुभएन । मंगलबा दमकस्थित निवासमै आराम गरेर भोली बिहानबाट निर्धारित कार्यक्रममा सहभागी हुनुहुन्छ', कार्कीले भने । ओली बिहीबारसम्म झापामा बस्नेगरी मंगलबार त्यसतर्फ गएका हुन् । -साभार: रातोपाटी

VACANCY

**Sancho Hospital Pvt. Ltd.** a well reputed hospital in hetauda is looking for candidates for the following posts:

| | |
|---|---|
| Medical officer (few) | B Pharm (1) |
| Staff Nurse (few) | CMA / ANM (few) |
| Pharmacy Assistant (few) | |

Candidates should have the following requirements:

- Attractive Personality
- Result oriented and Hardworking
- Can work on high pressure environment
- Sound skill on IT, Fluent in English & Nepali written and Spoken
- Having Sound Knowledge in related field with minimum one year experience
- Must have the registered liscense in their related fields.

Preference will be given to those candidates having experience in Medical Field...

Interested candidates are required to send their applications by an updated profile/CV indicating respective vacancies to hospital.sancho@gmail.com within three working days.

Hetauda-1, BhintunaPath, Makwanpur
057-590175, 057-590176
Sancho Hospital Pvt. Ltd.

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*
*Phone: 057-520315*

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.
















साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना